का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk

स्थापित : २०६९, काठमाडौं ।

मिति : २०८१/०३/२८

### Weekly Chart







| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/03/23 | Sunday | 1,24,660 | 1,45,400 | 1620 | 1890 |
| 2081/03/24 | Monday | 1,24,315 | 1,45,000 | 1,620 | 1,890 |
| 2081/03/25 | Tuesday | 1,23,545 | 1,44,100 | 1,616 | 1,885 |
| 2081/03/26 | Wednesday | 1,25,545 | 1,44,100 | 1,603 | 1,870 |
| 2081/03/27 | Thursday | 1,24,230 | 1,44,900 | 1,616 | 1,885 |
| 2081/03/28 | Friday | 1,25,770 | 1,46,700 | 1,629 | 1,900 |

## सुनको मुल्यले फेरी वनायो नयाँ रेकर्ड

यो साता बिश्व बजारमा सुनको मुल्य बढ्दो क्रममा रहेको छ । ब्यूरो अफ लेबर स्टाटिस्टिक्सको पछिल्लो कन्जुमर प्राइस इन्डेक्स (सीपीआई) प्रतिवेदनले जुन महिनामा मुद्रास्फीतिको दबाबमा उल्लेखनीय गिरावट आएकोले त्यसको प्रभाव सुन बजारमा पर्न गई सुनको मुल्य उचाइमा पुगेको बिश्लेषकहरुले बताएका छन् । हाल प्रति औंस सुनको मुल्य २४ सय अमेरिकी डलर माथि पुगेको छ ।

नेपाली बजारमा पनि यो साताको पहिलो दिन नै सुनको मुल्यले नयाँ रेकर्ड कायम गरेको छ । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ लाख २४ हजार ६ सय ६० रुपैयाँ रहेको मुल्य साता भरको उतार चढाव पश्चात साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार मुल्य वृद्धि भई हालसम्मकै उचाइमा पुगेको प्रति १० ग्राम १ लाख २५ हजार ७ सय ७० रुपैयाँ कायम भएको छ । यो मुल्य पहिलो दिनको तुलनामा अन्तिम कारोबार भएको दिन शुक्रबार १ हजार १ सय १० रुपैयाँ बढी हो ।

यो साता नेपाली बजारमा चाँदीको मुल्य पनि सामान्य बढेको छ । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ हजार ६ सय २० रुपैयाँ रहेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ६ सय २९ रुपैयाँ कायम भयो ।

किरणभाई बज्राचार्य
**महासचिव**